# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः २४ कार्यपालिकाबाट पारित मितिः २०७९।०९।२९

प्रमाणिकरणः२०७९।१०।०३

प्रकाशन मितिः २०७९।१०।०६

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगर शिक्षा नियमावली, २०७५ (पहिलो संशोधन २०७९)

१. नियमावलीको नियम २६ उपनियम १ मा व्यवस्था भएको बुदा नं. (क) देखि (ज) सम्मको व्यवस्था हटाई तपसिल बमोजिम कायम गर्ने ।

(क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना -अध्यक्ष

(ख) अभिभावक मध्येबाट अभिभावक भेलाले निर्वाचित गरेको दुई जना महिला सहित चार जना -सदस्य

(ग) सम्बन्धित वडाको जनप्रतिनिधि मध्येबाट वडा समितिले सिफारिस गरेको एक जना -सदस्य

(घ) विद्यालय सेवा क्षेत्र भित्रका शिक्षाकर्मी शैक्षिक क्षेत्रका अनुभवी व्यक्तिहरु मध्येबाट नगर प्रमुखद्धारा मनोनित एक जना -सदस्य

(ङ) विद्यालयका संस्थापक वा चन्दादाताहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिद्धारा मनोनित एक जना -सदस्य

(च) शिक्षक मध्येबाट एकजना प्रतिनिधि (कार्यरत वरिष्ठ शिक्षक) -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(ज) विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष -स्थायी आमन्त्रीत सदस्य

(झ) विद्यालय स्तरीय बालक्लवहरुबाट मनोनित गरिएका एक जना वालिका सहित दुई जना -आमन्त्रीत सदस्य

*१.१ माथि उल्लेखित पदहरुमा तेत्तिस प्रतिशत महिला सहभागिता सुनिश्चित रहने गरी मनोनित गर्नुपर्ने छ ।*

२. नियमावलिको नियम १०६ बमोजिम व्यवस्था भएको स्रोत व्यक्ति भन्ने पदिय शब्दको सट्टामा **"शिक्षा सुपरीवेक्षक"** संशोधन गर्ने ।

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगर शिक्षा नियमावली, २०७५ (पहिलो संशोधन २०७९)